# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाडौं

मिति: २०८०।०३।२० गते।

## प्रेस विज्ञप्ति

### विषय: आरोपपत्र दायर गरिएको।

जिल्ला प्रहरी कार्यालय, जलेश्वर महोत्तरीका (लेखापाल) प्रहरी नायब निरीक्षक बिनोद बिष्टले भवन निर्माणको म्याद थप तथा भुक्तानी प्रक्रियामा सहजीकरण गरिदिने भनी सेवाग्राहीसँग घुस/रिसवत माग गरिरहेको भन्ने सूचना एवं उजुरी निवेदनका आधारमा अख्तियार दुरुपयोग अनुसन्धान आयोग, टंगालबाट खटिई गएको टोलीले निज प्रहरी नायब निरीक्षक बिनोद बिष्टलाई सेवाग्राहीबाट रु.२,००,०००।–(दुई लाख रुपैयाँ) घुस/रिसवत लिइसकेको अवस्थामा नियन्त्रणमा लिइएको थियो।

अनुसन्धानको सिलसिलामा जिल्ला प्रहरी कार्यालय, जलेश्वर महोत्तरीका प्रहरी नायब निरीक्षक (लेखापाल) विनोद विष्टले भवन निर्माणको म्याद थप र भुक्तानी प्रक्रियामा सहजीकरण गरिदिने भनी सेवाग्राहीसँग रु.२,००,०००।- घुस/रिसवत माग गरी लिएको देखिंदा निज विनोद विष्टले गरेको उक्त कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३(१)(घ) मा उल्लिखित कसुर भएकोले निज विनोद विष्ट उपर रु.२,००,०००।- (दुई लाख रुपैयाँ) बिगो कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३(१)(घ) बमोजिम कैद र बिगो बमोजिम जरिवानाको मागदावी लिई आज विशेष अदालत काठमाडौंमा आरोपपत्र दायर गरिएको छ।

प्रवक्ता
भोला दाहाल